विज्ञापन

# कलाकार कृष्ण कँडेलको अनुभव: इन्द्रेणीमा कसरी पग्लिन्छन् ‘मन’, कसरी फेरिन्छन् 'जीवन'



INDRENI

**प्रकाश पन्त**

सुर्खेत

२८ जनवरी २०२४

**काभ्रेका रामचन्द्र तिमिल्सेना सात वर्षअघि साउदी अरबमा थिए। गाडी चलाउँथे। उनकै गाडीको ठक्करले एक पाकिस्तानी कामदारको ज्यान गयो।**

सवारी ज्यान मुद्दा लाग्यो, उनी जेल परे। मृतकका परिवार माफी दिन तयार भए। तर ९० लाख रुपैयाँ 'ब्लड-मनी' मागे।

त्यत्रो रकम दिने हैसियत थिएन। उनले जेलबाटै सामाजिक सञ्जालमार्फत् सहयोगको याचना गरे।

टेलिभिजन कार्यक्रम इन्द्रेणीका प्रस्तोता तथा कलाकार कृष्ण कँडेलले थाहा पाए। सहयोग अभियान चलाएर १६ लाख रुपैयाँ जुटाइदिए।

- २० करोड डलर दान घोषणा गरेका दानीको कथा
- आधा जनसंख्या जत्तिकै धनी आठ अर्बपति

सबैतिरबाट जुटेको सहयोग रकम ४५ लाख तिमिल्सेनाको हात पर्‍यो। उनले मृतकका परिवारलाई दिए।

"त्यसैले २७ महिनामा जेलमुक्त भएर घर फर्किन पाएँ," तिमिल्सेनाले भने, "नत्र त म जेलमै हुन्थेँ।"

## अरूको सहयोगपछि 'उभिएका जीवनहरू'

धादिङ गल्छीका केदारप्रसाद भट्ट पूर्ण अपाङ्गता, श्रीमती दृष्टिविहीन, बहिनी अपाङ्गता भएकी र आमा दीर्घरोगी थिए।

२०७२ सालको भूकम्पले घर भत्काइदियो। बारीको पाटोमा पाल हालेर बसे। खान नै समस्या भयो। केदारले कृष्ण कँडेलसामु पीडा पोखे।

'परिवारलाई काठमाण्डू ल्याएर खाने-बस्ने र उपचारको प्रबन्ध मिलाइदिएर २० लाख रुपैयाँ समेत जुटाइदिएको' श्रेय कँडेललाई दिँदै केदारले भने, "नत्र त भोक भोकै मर्नु पर्थ्यो होला।"



INDRENI

छिमेकी जिल्ला गोरखाकी ३० वर्षीया लक्ष्मी परियार २७ वर्षसम्म ओछ्यानमै थिइन्। अहिले उनको जीवन फेरिएको छ। तर त्यसको निम्ति १० महिना अस्पताल भर्ना भएरै थेरापी गर्नु पर्‍यो।

“अरूको सहाराबिना हिँडडुल गर्न, खान र शौचालय जाने सक्ने भएकी छु,” लक्ष्मी भावुक हुन्छिन्, “कृष्ण दाइले मलाई नयाँ जीवन दिनुभयो।”

## सहयोगमा 'करोडौँ रकम'

कृष्ण कँडेल अरूको निम्ति सहयोग गर्ने अभियान १२ वर्षअघि सुरु गरेको बताउँछन्। उनका अनुसार बोनम्यारोको समस्याबाट पीडित नारायण गन्धर्वको निम्ति उनले पहिलो पटक सहयोगको हात फैलाएका हुन्।

सहयोगबाट उपचारपछि नारायण निको भए। कृष्ण हौसिए। त्यसपछि उनले लोकदोहोरी कार्यक्रम इन्द्रेणीमार्फत् अभियानै चलाउन थाले।

**धनी भारतीयहरू किन दान दिन लोभ गर्छन्**
३ एप्रिल २०१९

**परोपकार गर्न अर्बपतिले राजीनामा ‘दिँदै’**
८ सेप्टेम्बर २०१८

त्यसबाट सहयोग पाउनेमा धेरैजसो विदेशमा अलपत्र, बिरामी, असहाय-अशक्त, बाढी पहिरो, आगलागी पीडितहरू छन्।

“अहिलेसम्म करोडौँ रकम सहयोग गरेको छु,” उनको दाबी छ।

उनका अनुसार इन्द्रेणी कार्यक्रम हेरेर धेरैले सम्बन्धित व्यक्तिलाई नै सहयोग रकम दिने गरेका छन्।

विशेष गरी विदेशमा श्रम गरिरहेकाले अरूको दुखलाई पनि आफ्नै दुख सम्झेर सहयोग गर्ने गरेको कृष्ण कँडेलको अनुभव छ।

## उदार मनका अनेक उदाहरण

इन्द्रेणीको स्टुडियोमा आउनेहरूको मन पग्लिएको तमाम क्षणका साक्षी कृष्ण भन्छन्, "कति जना त आफूसँग भएको सबै पैसा बिरामीलाई दिएर अरूसँग सापटी लिएर घर फर्किएका पनि छन्।"

उनका अनुसार एक जनाले इन्द्रेणीमार्फत् ४३ पल्ट गरेर झन्डै १५ लाख रुपैयाँ सहयोग गरेका छन्।

सहयोगकर्ताले नामै तोकेरै रकम पठाउने भएकोले एक रुपैयाँ पनि तलमाथि नगरी इन्द्रेणीबाट प्रत्यक्ष प्रसारण गरेर उनीहरूलाई हस्तान्तरण गर्ने गरेको उनले बताए।


INDRENI

उनका अनुसार इन्द्रेणीमा सातै प्रदेशका लोक भाका पस्किने गरिन्छ। ओझेलमा परेका स्रष्टा र नयाँ नयाँ प्रतिभालाई कार्यक्रममा अवसर दिइन्छ।

कालिकोटमा आगलागी हुँदा होस् वा बारामा बाढी आउँदा, सिन्धुपाल्चोकमा पहिरो जाँदा होस् वा कोभिड, भूकम्प र बाढी-पहिरोजस्ता विपद्का बेला आफ्नो टीम नै सहयोगमा खटिएको कृष्ण बताउँछन्।

- मनकारी डाक्टर: डा. सुन्दरमणि दीक्षित
- मनकारी डाक्टर: डा. सन्दुक रुईत

कोभिड महामारीका बेला लकडाउन थियो। काठमाण्डू गौशालाका गाईलाई खानाको अभावको खबर कृष्णको कानमा पर्‍यो।

“गाई जोगाउन इन्द्रेणीबाट सहयोग आव्हान गर्दा ७० लाख रुपैयाँ सङ्कलन भयो,” उनले सुनाए।

## उनको पहिचान: सैनिक र सङ्गीतकर्मी

आर्थिक कारोबार गर्दा आशङ्कायुक्त टिप्पणी पनि हुने गरेका छन्। कसले कति रकम दियो र कसले कति पायो भन्ने कुरा टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने गरेको उनी बताउँछन्।

“इन्द्रेणी भनेको ऐना जस्तो हो, छर्लङ्ग देखिन्छ,” शङ्का लागे इन्द्रेणीको कार्यालय गएर खाता समेत हेर्न सकिने बताउँदै कृष्ण प्रश्न गर्छन्, “गलत गरेको भए मप्रति अहिलेसम्म विश्वास रहन्थ्यो होला र?”



INDRENI

तीन दशकअघि रेडियो नेपालमा स्वर परीक्षा उत्तीर्ण गरेका कलाकार मात्र होइनन्, कृष्ण। उनी १६ वर्ष सेवा गरेका पूर्व सैनिक पनि हुन्।

उनका अनुसार इन्द्रेणी कार्यक्रम चलाउन थालेको १५ वर्ष भयो। अनवरत चलिरहेको छ।

“आम दर्शकको साथ र सहयोग पनि निरन्तर छ,” कृष्ण कँडेल सन्तुष्ट सुनिए।

**बीबीसी न्यूज नेपाली यूट्यूबमा पनि छ। हाम्रो च्यानल सब्स्क्राइब गर्न तथा प्रकाशित भिडिओहरू हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईँ फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

### सम्बन्धित सामग्री

## मुख्य समाचार

**ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु**
५ घण्टा पहिले

**अस्ट्रियामा मदिरा गोदाम सफा गर्न लाग्दा फेला परे म्यामथका हजारौँ वर्ष पुराना हड्डी**
१ घण्टा पहिले

**श्रीलङ्कामा जङ्गली हात्तीहरू बाटो ढुकेर मान्छेको खानेकुरा लुट्छन्**
४ घण्टा पहिले


## अनि यो पनि



विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ
२२ मई २०२४



'ज्यान मार्ने धम्की र बमले ओलिम्पिक्स खेल्ने मेरो सपना रोक्न सकेनन्'
२२ मई २०२४



इजरेली र हमास नेताविरुद्ध जारी हुन सक्ने 'पक्राउपुर्जी'को अर्थ के हो
२१ मई २०२४



जोर्जामा पनि के रुसबाट खतरा बढेको हो
२० मई २०२४



मृत्यु भइसकेका बाबुको आवाजमा जबाफ दिन सक्ने च्याटबट बनाएका छोरा

१९ मई २०२४

## धेरै पढिएको

१ ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु

२ विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ

३ सन्दीप लामिछानेले अमेरिकाको 'भिसा पाएनन्', क्यानले अब के गर्ला

४ अस्ट्रियामा मदिरा गोदाम सफा गर्न लाग्दा फेला परे म्यामथका हजारौँ वर्ष पुराना हड्डी

५ जेठ १५ मा कसरी आउला बजेट? के सरकारको भविष्यसँग त्यसको सम्बन्ध छ?

बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू
गोपनीयता नीति
बीबीसीलाई सम्पर्क गर्नुहोस्
बीबीसीको बारेमा
कुकीज
Do not share or sell my info

© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**